## आ.व. २०८०/८१ को उन्नाईसौ कार्यपालिका बैठक

आज मिति २०८१।०१।२६ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर पुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिब परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेब बहादुर बली , राप्ती गाउँपालिका |

### आमन्त्रित

श्री विकास ज्ञवाली, अधिकृत छैठौं (प्रशासन सेवा )

श्री विश्वराज कि.अ.स्व.से.

श्री रेशमराज अधिकारी सल्लाहकार

मिति २०८१।०१।२६ गते बसेको कार्यपालिका बैठकका प्रस्तावहरु

१- मदिरजन्य पदार्थ सम्बन्धी विषय

२- स्थानीय पुर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा

३- आ व २०८१।८२ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा

४- विविध ।

मिति २०८१।०१।२६ गते बसेको उन्नाईसौ कार्यपालिका बैठकका निर्णयहरु :-

निर्णय नं. १- राप्ती गाउँपालिकाको स्वीकृत आईईई बमोजिम संकलन तथा बिक्रीका लागि स्वीकृत प्राप्त भएको जम्मा परिमाण ११२००० घ.मि. मध्ये गाउँपालिका आफैले घाटगद्दी गरी बिक्री गर्ने प्रकृया अगाडी बढेको र यसरी बिक्री गर्नका लागि राप्ती गाउँपालिकाले ठेक्का मार्फत घाटगद्दी गर्दा लागेको खर्च मु.अ.कर बाहेक रु १६७/- र प्रदेश सरकारको आर्थिक ऐन २०८० बमोजिम तोकिएको रोयल्टी रु २८३/- गरी जम्मा ४५०/- प्रति घ. मि. (मु.अ. कर बाहेक) न्यूनतम दररेट कायम गरी बिक्रीको लागि सूचना प्रकाशित गर्ने । साथै स्थानीय उपभोक्ता तथा निजी निर्माण कार्यको प्रयोजनका लागि पालिकाको घाटगद्दी क्षेत्रबाट आफै उठाई लैजाने परिमाणको लागि उत्खनन लागत मुल्य प्रति घ.मि. १६७/- छुट प्रदान गर्ने । यसरी छुट दिदा गाउँपालिका लाई न्यून हुने रोयल्टी रकम पालिकाको अन्य श्रोतबाट सोधभर्ना उपलब्ध गराउने ।

निर्णय नं २- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मष्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पुर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने, स्थानीय पूर्वाधारका विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन/विधि अवलम्बन गर्ने, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने, खर्चको लेखाजोखा SuTRA र लेखापरिक्षण मार्फत गर्ने दृढ ईच्छा तथा कार्यान्वयनको प्रतिवद्धता जनाउने ।

निर्णय नं.३ – वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमहरुसंगको सहलगानीको देहाय बमोजिमको हिस्सा विनियोजन गर्ने प्रतिवद्धता जनाउने ।

- ग्रामिण सडक सुधार/ पुर्नस्थापना सम्बन्धी आयोजनामा कम्तिमा ५० प्रतिशत
- साना सिंचाई,खानेपानी तथा सरसफाई,भवन मर्मत सम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत
- विपद् जोखिम न्यूनिकरण,जलवायू उत्थानशिल र वैकल्पिक उर्जा सम्बन्धी आयोजनामा कम्तिमा २५ प्रतिशत

निर्णय नं. ४- पूर्वाधार सेवा प्रवाह एव मर्मत सम्भार कार्यविधि/निर्देशिका तयार/ परिमार्जन तथा अनुमोदन गर्ने र स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सोको जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्ने प्रतिवद्धता जनाउने ।

निर्णय नं ५- राष्ट्रिय भूमी सेवा आयोग विघटन भई मुद्दा अदालतमा विचाराधिन रहेकोमा हाल भूमी सेवा केन्द्र अन्तरगतका नापँजाच स्थगित भएकोले भूमी सेवा केन्द्रका कार्यरत प्राविधिक तथा सहयोगी फिल्ड कर्मचारीहरुको २०८१ बैशाख मसान्त सम्मको लागि मात्र सम्झौता नविकरण गर्ने ।

निर्णय नं ६- राप्ती गाउँपालिकाको राजस्व परामर्श समितिको बैठक मिति २०८१ बैशाख २८ गते बस्ने गरी तय गर्ने ।

टेक बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.७- राप्ती गाउँपालिकाको स्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठक मिति २०८१ जेठ १७ गते बस्ने [illegible] गर्ने।

निर्णय नं.८- राप्ती गाउँपालिका वडा नं. ३ खुर्लीयाको जग्गा नापजाँच सम्बन्धमा उठान भएका गुनासो एवं सवालहरुको सम्बन्धमा अध्ययन प्रतिवेदन पेश गर्न गठन भएको कार्यदलको म्याद २०८१।०१।३० गते सम्मको लागि थप गर्ने।

निर्णय नं.९ – राजपुर गाउँपालिकामा आगलागिका कारण भएको क्षतिलाई पुर्नस्थापनामा सहयोग पुऱ्याउनका लागि विपद् व्यवस्थापन कोषबाट रु १ लाख बराबरको जिन्सी सहायता गर्ने।

... बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत